# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

२०७५/१२/२८

तेस्रो अधिवेसन

(२३औँ बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

**१. माननीय सदस्यहरु,**

यस सभाको तेस्रो अधिवेशनको २३औँ बैठकको कार्वाही प्रारम्भ हुन्छ ।

**२. माननीय सदस्यहरु,**

अब, **"सुदूरपश्चिम प्रदेश लोकमार्ग विधेयक, २०७५"** माथिको कार्वाही प्रारम्भ हुन्छ ।

**३. माननीय सदस्यहरू,**

**"सुदूरपश्चिम प्रदेश लोकमार्ग विधेयक, २०७५"** माथि अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस भनि प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ को उपनियम (१) को देहाय खण्ड (क) बमोजिम प्रस्ताव प्रस्तुत गर्न विधेयक प्रस्तुतकर्ता भौतिक पूर्वाधार विकास मन्त्री माननीय पठान सिंह बोहरालाई अनुमति दिन्छु ।

**माननीय पठान सिंह बोहरा**

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश लोकमार्ग विधेयक, २०७५ लाई प्रदेश सभा नियमावली २०७४ को नियम १२२ बमोजिम प्रदेश सभाबाट पारित गरियोस भनी प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद ।

***(प्रस्ताव प्रस्तुत भएपछि)***

**४. माननीय सदस्यहरू,**

अब म, भौतिक पूर्वाधार विकास मन्त्री माननीय पठान सिंह बोहराले प्रस्तुत गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**("हुन्छ" भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**("हुन्न" भनेपछि)**

**५.** "हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रदेश लोकमार्ग विधेयक, २०७५"** माथि अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको

प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्विकृत भएको घोषणा गर्दछु ।

*(घोषणा पछि)*

**६. माननीय सदस्यहरू,**

अब, **"सुदूरपश्चिम प्रदेश लोकमार्ग विधेयक, २०७५"** माथि दफावार छलफल समाप्त भई अर्थ विकास तथा प्राकृतिक स्रोत समितिबाट पेश हुन आएको प्रतिवेदन माथि प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ को उपनियम (८) बमोजिम छलफल प्रारम्भ हुन्छ । छलछफलमा अर्थ विकास तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरू तथा आनुसाङ्गिक अन्य दफाहरूमा मात्र छलफल गरिनेछ । छलफलमा भाग लिन चाहनुहुने प्रत्येक मा० सदस्यहरूको लागि ३ (तीन) मिनेटको समय निर्धारण गरेको छु ।

सर्वप्रथम मा० लाल बहादुर खड्का लाई समय दिन्छु ।

**माननीय लाल बहादुर खड्का**

माननीय सभामुखज्यू, सुदूरपश्चिम प्रदेश लोकमार्ग विधेयक जो अत्यन्त आवश्यक महत्वपूर्ण पनि हो । यसमा अर्थ विकास समितिले अत्यन्त मेहेनत गरेर धैरै बुदाहरुमा वाहाहरुले गहनतम छलफल गरेर सुझाव ल्याउनु भएको छ र सुझाव सहित विधेयक आएको छ । यो विधेयक जति सक्यो चाँडो पास गरेर यसलाइ कार्यान्वयनको तहमा लैजानुपर्ने अहिलेको आवश्यकता हो । किनभने हामीसँग अत्यन्त महत्वपूर्ण योजनाहरु जुन विधेयक नियम कानूनका कारणले द्रुतगतिमा अघि बढ्न सकिरहेका छैनन् । तेलाइ द्रुतगतिमा लैजान यो विधेयकले अत्यन्तै महत्वपूर्ण भूमिका निर्वाहा गर्नेछ भन्ने मलाइ लागेको छ । यति हुँदाहुँदै पनि यो विधेयक आफैमा पूर्ण छ तरपनि यसका केही पक्षहरुमा अलिकति हामीले ध्यान पुर्याउन सकेनौं वा हाम्रो कानूनी दायराले त्यो दिएन कि भन्ने विषयमा छलफल चलाउन जरुरी छ भन्ने मलाइ लागेको छ । अहिले हामीले जुनसुकै खालका बाटाहरु बनाउदा यातायातलाइ अगाडी बढाउदा जंगलमा नगइकन जंगलसँग नजोडिकन हामी हाम्रा चाहे त्यो लोकमार्ग होस चाहे अन्य खालका मार्गहरु हुन् त्यो बनाउन सक्ने अवस्था सुदूरपश्चिममा छैन । हामीसँग झन्डै ५९% वन छ र जताजाँदा पनि कहिनकही वनलाइ छुनुपर्ने अवस्था छ र वनको कानून यति झन्झटिलो र वनको काम यति झन्झटिलो छ कि योजनाको म्याद समाप्त भइसक्याहुन्छ टेण्डरको म्याद समाप्त भइसक्या हुन्छ ठेकेदारको म्याद समाप्त भइसक्या हुन्छ तर वनले अनुमति दिया हुँदैन त्यहाँ EIA लगायतका कुराहरुले अहिलेपनि रोक्या छ । अर्को यो वातावरणीय अध्ययन भनेर जुन खालको यो कानूनी व्यवस्था छ । हो त यो राम्रै सोचेर ल्याहोला धैरै पुरानो व्यवस्था पनि हो तर मलाइ अहिले सबैभन्दा झन्झटिलो र काम नहुनदिने व्यवस्था पनि यो हो भन्ने लाग्छ । एकातिर सरकारले लोकमार्ग बनाउने भनेर त्याँको अत्यन्त महत्वका साथ योजना ल्याउछ सरकारले सदनले तेलाइ पास गर्छ त्यसको ठेक्का हुन्छ कामशुरु हुन्छ तर त्यै सरकारसँग जोडिएको मन्त्रालय वन मन्त्रालयले EIA को नाममा अट्काएका खालका अवस्था छन् त्यसो हुनाले यो विधेयकमा कति समेट्न सकिन्थ्यो कि सकिदैनथ्यो । यदि समेट्न नसकिएपनि फेरी पनि यो विषयलाइ ल्याउनुपर्छ । सरकारले योजनालाइ छनोट गरिसकेपछि प्राथमिकतामा राखिसकेपछि योजना छनोट भइसकेपछि एउटा निश्चित अवधिभित्र वनले आफ्नो प्रकृया पुरा गर्नुपर्ने निश्चित समयभित्र यो EIA को कुराहरु सक्नुपर्नेगरी कानून नबनायो भने हाम्रा योजनाहरु बन्ने किताबमा रहने र थन्किने खालको समस्या अहिले हामीले झेलिरहेका छौं । हामीले देखेकाछौं विगतमा हामीले तेत्रो औद्योगिक

क्षेत्रको क्याविनेटले २ चोटी निर्णय गरेर १ हजार विगाहा जमिन दिने भनेर निर्णय गर्याछ । तर अहिले EIA ले रोक्या छ । कलुवापुर बेलौरी जस्तो महत्वपूर्ण सडक जस्को म्याद समाप्त भएर अहिले म्याद थप्दैछौं दोश्रो चोटी तर अहिलेसम्म EIA को रिपोर्ट बन्या छैन । किनभने त्यो EIA को रिपोर्ट बनाउने छुट्टै कार्यालय अनि काम गर्नुपर्ने छुट्टै कार्यालयले र एउटा मन्त्रालयको काम अर्को मन्त्रालयले नसघाइदिने यो खालको जुन अवस्था छ यलाइ हामीले हटाउनु पर्छ भन्ने कुरा म राख्न चाहान्छु । स्वभाविक रुपमा हामीले बाटोहरु बनाउदा औद्योगिक क्षेत्र स्थापना गर्दा अरु धेरै कामहरु गर्दाखेरी वन मासिन्छ । वन मासिए पछि स्वभाविक रुपमा पर्यावरणमा असर पर्छ । तेलाइ कसरी व्यवस्थापन गर्ने । सरकारले कानून बनाएर सबै सडकतिर दुवैतिर वृक्षारोपण गरेर तेलाइ पूर्ति गर्ने भन्ने कानून बनाएर हुन्छ कि । तेलाइ पूर्ति गर्ने कुरा हो । तर त्यै नाममा योजनाहरु थन्कीरहने योजनाहरु किताबमा रहने तर थन्किरहने जुन खालको प्रवृति छ यलाइ हटाउनमा अब फेरी यलाइ संशोधन गरेर हुन्छ कि तेलाइ थपेर हुन्छ कि सरकारसँग समन्वय गरेर हुन्छ कि । यो कुरा अपूर्ण छ जस्तो मलाइ लागेको छ । र यस्तै नगर विकास समितिको कानून अनुसार हुने भनेर फेरी हामीले यो विधेयकमा राखेका छौं । नगर विकास समिति संघीयता एकातिर हामी संघीयतामा गएका छौं । नगरपालिकाको निर्वाचन भएको छ । त्यहाँ नगरपालिकामा जनप्रतिनिधिहरु छन् अनी छुट्टै एउटा नगरविकास समिति हुने अनी नगरविकास समिति पनि यति अधिकार सम्पन्न हुनेभयो कि प्रदेशले गरेका निर्णयमा पनि नगर विकास समितिसँग जोडिएर जाँदाखेरी हामीले कुनै एउटा लोकमार्ग नगरविकास सँग नगरको सँगै जोडिएर जाँदा नगरको जमिन पर्दाखेरी फेरी यसको कानून अनुसार हुने भन्ने कुरा छ । त्यसो हुनाले पहिलो कुरो त नगर विकास आवश्यक हो कि होइन नगर विकास आवश्यक होइन । जनप्रतिनिधि स्थानीय तहको सरकार भइसकेपछि त्यो नगर विकास समितिको कहाँ हुन्छ भुगोल । गाउँ सरकार छ नगर सरकार छ प्रदेश सरकार छ केन्द्रीय सरकार छ अनी त्यो नगर विकास समितिको छुट्टै भुगोल कहाँ हुन्छ । त्यसलाइ फेरी अलिकति हामीले समय थपेर भएपनि विधेयकमा छलफल गर्नुपर्थ्यो र नगर विकास समितिको छुट्टै खालको भुमिका यसको कानून अनुसार हुनेछ भन्ने भूमिका यहाँ हामीले विधेयकमा ल्यायौं । यले पनि भोलि हामीलाइ नयाँ खालको झनझट हुन्छ । त्यसो हुनाले यी कुरामा अलिकति ध्यान पुग्याभए हुन्थ्यो भन्ने मलाइ लागेको छ । अझ पर्याप्त छलफल गरेको भए हुन्थ्यो भन्ने मलाइ लाग्या छ । यसका वावजुत पनि प्रदेशका अत्यन्तै महत्वपूर्ण मार्गहरु छन् तेलाइ तत्काल व्यवस्थित गरेर अगाडी बढाउनुपर्ने छ । त्यसका लागि यो विधेयक तत्काल पास गरेर कार्यान्वयन गर्ने तहमा जानुपर्छ भन्ने मेरो अनुरोध छ र अन्तमा सरकारसँग मेरो के अनुरोध छ भने विधेयक बनाएर कानून बनाएर मात्रै हुँदैन रहेछ । हामीले यै धनगढी देखी अत्तरियासम्मको सडक देख्या छौं । यसमा अहिले अलि अगाडीसम्म म त नियमित त्यो बाटो हिड्छु अलि अगाडीसम्म त्यहाँ Equipment हरु देखिन्छ आजभोली त Equipment पनि हराइसके । त्यसो हुनाले तेलाइ नियम कानून मात्र होइन । त्यसको अनुगमन कले गर्ने । यै हाम्रो सरकार छ प्रदेश सरकार छ प्रदेशको मन्त्रालय छ प्रदेशका निर्देशनालय छन् । तर त्यहाँ अहिले एउटा पनि Equipment ले काम गर्या छैन । त्यो अलपत्र परेको अवस्था छ । यी कुरामा पनि सरकारको ध्यान जाओस भन्ने म आफ्नो भनाइ राख्दै आफ्नो भनाइ यही समाप्त गर्छु धन्यवाद ।

**माननीय भरत बहादुर खड्का**

सभामुख महोदय, सुदूरपश्चिम प्रदेश लोकमार्ग विधेयक २०७५ माथिको दफावार छलफलमा हामी छौं । समितिका साथिहरुले बहुत मेहेनत गर्नुभाको छ । सभापति लगायत साथिहरुलाइ हार्दिक धन्यवाद दिन चाहान्छु

। मलाइ के लाग्छ भन्दाखेरी अब यो विधेयकको उद्देश्य भनेको विधेयक पारित भएर ऐन कानून बनिसकेपछि अहिलेसम्म यो प्रदेशमा जति वटा सडक छन् तिनलाइ सुव्यवस्थित बनाउने दायित्व हो र तेललाइ नियमन गर्ने कुरा यसबाट शुरु हुन्छ र यो विधेयक पारित नहुदै कतिपय हामीले निर्णय गर्याजस्तो लाग्छ । यसका वर्गिकरणका कुराहरु र अन्य नितिगत निर्णय पनि गर्या जस्तो लाग्यो किनभन्दा पहिला त विधेयक बन्नुपर्यो ऐन बन्नुपर्यो । त्यसैले मात्र यसबाट क्रियाकलाप अघि बढ्छ । दफा २ मा प्रदेशको सरकारको निर्णयबाट तोकिएको महत्वपूर्ण भनेकोमा अहिलै सरकारले तोक्नेकी यो विधेयक बनिसकेपछि एउटा मापदण्ड तयार गरेरमात्र गर्ने सरकारले तोक्ने वा मापदण्ड तयार गर्ने । सरकार मान्छेले चलाउने हो देखिहाल्यौं हामीले विभिन्न इन्ट्रेष्ट हुन्छ । कुनै मापदण्ड नबनाइकन तोक्ने काम भएपछि पहुँचवालाको मात्र हुन्छ । पहुचका हिसाबले हुन्छ । तेले सही प्लानिङ हुन सक्दैन त्यसैले मापदण्ड तयार गरेर मात्र गर्दा वेश हुन्छ र यो चुरेको फेदीबाट ब्रम्हदेवसम्मको सडकको पनि चर्चा आयो मैले सुनें । यो चुरेलाइ त हामीले सक्नै हुँदैन भोली तराइ डुबानमा हुन्छ । ठुलो दुर्घटना हुन्छ । Future पनि यहाँका मान्छेको बचाउनु पर्छ । पर्यावरणलाइ पनि बचाउनुपर्छ । चुरेको पनि संरक्षण गर्नुपर्छ । चुरे राष्ट्रपतिको अध्यक्षतामा चुरे संरक्षण समिति नै छ त्यसको पनि हामी सम्मान गरौं र यो यति रणनितिक सडक र यति दिर्घकालीन महत्वका सडकहरु अहिले होइन सरकारले सोच्ने । त्यसको पनि प्रदेश लोकमार्ग बनाउदाखेरी विज्ञ सबै बसेर कसरी कस्तो किसिमको लोकमार्ग बनाउने देखी यहाँको प्रदेशको पछिल्लो पुस्तालाइ राम्रो हुनसक्छ भन्ने हिसाबले पो जानुपर्यो त । यो व्यक्तिको लहरले बनाउने विषयहोइन यो कुरामा । अब यो कुरो अलिकति यो क्षतिपूर्ति समितिमा विधायिकाको संयोजकत्वमा यो कुरा अलि मिलेर अलि मलाइ हेरें विधायिकाको त आफ्नो महत्व छ आफ्नो स्थान छ नीति निर्माण गर्ने विधायिकाले अब त्यो क्षतिपूर्ति समितिको संयोजक हुन हामीले रहर गर्न हुदैन । हाम्रो काम होइन जस्तो लाग्छ । मेरो Request छ सभामुख मार्फत यलाइ । यो स्थानीय सरकार प्रमुखको अध्यक्षतामा राम्रो हुन्छ जस्तो लाग्छ । बरु त्यसमा बन नापी र मालपोतको प्रतिनिधि राख्न वेश हुन्छ जस्तो लाग्छ । यो छुटेको छ किनभने क्षतिपूर्ति दिने सम्बन्धमा वन नापी र मालपोत हुँदाखेरी अलि सहजीकरण हुन्छ जस्तो लाग्छ । हामी विधायिकाले क्षतिपूर्तिको संयोजक हुन सुहाउदैन जस्तो लाग्छ । सभामुखज्यू मार्फत यो कुरा पनि भन्न चाहान्छु । जहासम्म सडकको किनाराबाट ६ मिटरको कुरा गरेको छु । नेपालको दुरदसा देखिहाल्नुभो पहिला हामी बस्ती बसाउछु त्यसपछि विकासको कुरा गर्दा अर्बौं खर्बौंको नोक्सान हुन्छ । हामीसाग चुनौती छ सडकलाइ व्यवस्थापन गर्ने सडकको वरपर पनि राम्रो राख्ने हरियाली राख्ने र तेलाइ मजबुत पनि बनाउने दुर्घटना नहोस । यि सबै कुराहरुको Planning गर्ने हो यि उदेश्यका लागि तर अब बनाइसक्यौं त अब ६ मिटर किनाराबाट भनेपछि कहिलेकाही त माथिबाट पनि ६ मिटर तलबाट पनि ६ मिटर गर्दा केही पनि नरहने अवस्था आउछ । त्यसले गर्दा यलाइ ३ मिटरमा राख्ने हो । यसमा फेरी Thinking गर्नेहो कि यो कुरा पनि सोच्नु जरुरी छ । अर्को कुरा स्थानीय सरकारलाइ बाइपास गरेर जानुहुँदैन । हाम्रो Ground को Reality भनेको स्थानीय सरकार हो र अब त्यो सडकमा कसैले अवरोध गरेका सामानहरुलाइ भत्काएर मन्त्रालय निर्देशनालय अझ प्रदेश सभा नै राख्ने भन्याछ । त्यो पनि मिल्दैन । स्थानीय सरकारमा छोडिदिने । ति कवाडी हुने कुरालाइ पनि हामीले किन लिने । त्यो त स्थानीय सरकार जहाँ छ जुन यरियामा पर्छ तेलाइ छोड्दिदा बेश हुन्छ जस्तो मलाइ लाग्छ । यो किन भन्दाखेरी १४ को उपधारा ३ मा छ यो कुराहरु । स्थानीय सरकारलाइ छोड्ने हो र स्थानीय सरकारसँगको समन्वय राम्रो प्रदेश सरकारले राख्नुपर्छ । स्थानीय सरकार केन्द्र सरकारको पुलको काम गरेर Facilitation र Coordination मा उपयुक्त तरिकाले जाने काम प्रदेश सरकार हो जस्तो लाग्छ । प्रदेश सरकारको भूमिका दुइटा कुरामा प्रभावकारी हुनेहो । केन्द्र र

स्थानीय सरकारसँग समन्वय सहजीकरण । यो प्रदेश कामै लाग्दैन होइन काम धेरै लाग्नेछ तर गर्नुपर्यो । म अब सक्दैछु र लास्टमा म के भन्न चाहान्छु भने यो विधेयक बनिसकेपछि Provincial Transportation Masterplan र District Transportation Masterplan । अब जे भयो भयो अहिलेसम्म अराजकतरिकाले सडकहरु बने ति EIA पनि नभएका छन् । ग्रेडिङ पनि नमिलेका छन् । त्यसको चुनौती व्यवस्थापन संरक्षण तिनको स्वामित्वग्रमण तिनको Maintenance बहुत गाह्रो छ। त्यति सजिलो छैन । हजारौं सडक छन् र अब यलाइ मास्टरप्लान प्रदेशको पनि मास्टरप्लान बनाउ र जिल्ला जिल्लाको पनि गाउगाउको पनि मास्टरप्लान बनाएरु यलाइ व्यवस्थित गरौं किनभने पर्यावरणका दृष्टिकोणले लागतका दृष्टिकोणले सुरक्षाका दृष्टिकोणले यि सडकहरुलाइ मापदण्ड बनाएर मास्टरप्लान गराइदियो भने सडकका संजालहरुलाइ भविष्यमा पनि यसरी हामी जोड्न सक्छौं । त्यो उपयुक्त हुन्छ भन्ने हुन्छ । यलाइ मास्टरप्लान बिना अगाडी बढाउनु हुँदैन । कसैको रकर कसैको पहुचमा बनाइने विषय होयन यि योजनाहरु । यो दिर्घकालिन महत्वका र पछिका पुस्ताका लागि हुनाले यलाइ प्लानिङ ढंगबाट मास्टरप्लान बनाएर बनाउदा बेश हुन जान्छ । साथिहरुले धेरै मेहेनत गरेका छन् । तेही कुराहरु सोच्नुपर्ने हुन्छ धन्यवाद ।

**माननीय शान्ति नेपाली**

माननीय सभामुख महोदय, यो प्रदेश सभाको जसरी सुदूरपश्चिम प्रदेश लोकमार्ग विधेयक प्रस्तुत भएको छ यो एकदमै ऐतिहासिक छ । अहिले मलाइ लाग्छ प्रदेश र स्थानीय सरकारसँगको चुनौती भनेको DPR योजना बिना जथाभावी रोडहरु खनिने काम पहाडी जिल्लामा सबैभन्दा बढी भएको छ यसलाइ नियममा बाँध्नका लागि र यसलाइ हरेक ऐतिहासिक योजनालाइ कार्यान्वयन गर्नका लागि नियमको आवश्यकता कानूनको आवश्यकता पर्दछ । खुशी लागेको छ यो ऐतिहासिक विधेयक सदनमा प्रस्तुत भएको छ । जहाँ प्रदेश लोकमार्ग सहायक मार्ग विशेष महत्वका सडक हुन् । ३ वटा क्षेत्रमा विभक्त गरेर विधेयक विभिन्न चरणमा विभक्त गरेर विधेयक सदनमा आएको छ र व्यापक छलफलबाट सदनमा प्रस्तुत भएको छ । यसलाइ छिटो छरितो कार्यान्वयन गराउनतिर प्रदेश सरकारको ध्यान जानुपर्छ । कानून निर्माण गर्नु मात्रै ठुलो कुरा होइन कार्यान्वयनको कुरा सबैभन्दा महत्वपूर्ण कार्य हो । त्यसै म के भन्न चाहान्छु भने जुन प्रदेश सरकारको प्रत्यायोजित अधिकार भित्र कार्यविधि नियमावली निर्देशिका बन्दछन् त्याँ पनि कहिले काँही कानूनमा भएको कुरा कानूनले खोजेको थियो मागेको थियो त्यो कुरा त्याँ नआउने खतरा हुन्छ । त्यस कारणले त्यो निर्देशिका कार्यविधि देखी लिएर नियमावली यो क्षेत्रमा पनि यो विधेयकलाइ मिलाएर लैजानु जरुरी छ र यसलाइ पारित गरेर यथाशिघ्र कार्यान्वयन गर्न जरुरी छ । रोड एकदमै ऐतिहासिक कुरा हो लोकमार्गहरु ऐतिहासिक कुरा हुन् । जहाँ सिंगो सुदूरपश्चिमको भविष्यको कुरा हामीले ध्यान दिनुपर्ने हुन्छ र पुस्तौपुस्तादेखी यो अपरिहार्य आवश्यकता भित्र पर्ने भएकाले बनसँगको जुन हाम्रो वन ऐनमा यो जंगलसम्बन्धीको कानूनी व्यवस्था छ यसले पनि थुप्रै रोडलाइ चुनौती दिएको छ अवधि सकिएपछि पनि कार्यान्वयनको कुरालाइ संकटमा ल्याएको छ । यतातिर पनि प्रदेश सरकारको ध्यान जान जरुरी छ । वातावरणीय पर्यावरणको हिसाबलाइ पनि ध्यानमा राख्न जरुरी छ र प्रत्यायोजित अधिकारलाइ पनि ध्यानमा राखेर अगाडी बढ्न जरुरी भन्दै धन्यवाद दिन चाहान्छु धन्यवाद ।

**माननीय कर्ण बहादुर मल्ल**

माननीय सभामुख महोदय, यो सुदूरपश्चिम प्रदेश लोकमार्ग विधेयक, २०७५ ढिलै भएपनि सम्बन्धित मन्त्रालयले ल्याउने जुन जमर्को गर्यो त्यसकोलागि म धन्यवाद दिन चाहान्छु र यो सम्बन्धित समितिका सभापति माननीयज्यू

र विशेषज्ञ साथिहरुले जुन महत्वपुर्ण छलफल सहित यलाइ तयार गर्नुभएको छ म वाहाहरुलाइ पनि धन्यवाद दिन चाहान्छु । सदनमा पहिले बोल्नु भएका मन्यज्यूहरुका कुरालाइ समर्थन गर्दै यसमा धारा ११ को उपदफा ३ बाट निरन्तर यसमा ११ को ३,४,५,६,७,१२ गरीकन यसमा जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश लोकमार्गको प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यका सडक बनाइएको संरचना वा पछाडी छाडिएको राखिएको वा फालिएको कुनै मालवस्तुले त्यस्तो सडक सम्पूर्ण आगमनलाइ अवरोध पुर्याएमा त्यसतो मालबस्तुलाइ तुरुन्त सडकबाट हटाउने अधिकार मन्त्रालय वा निर्देशनालय वा कार्यालय यो धेरै दफामा उल्लेख गरिएको छ । यसमा कार्यालयको पनि त्यै अधिकार निर्देशनालयको पनि त्यै अधिकार मन्त्रालयको पनि त्यै अधिकार राख्दाखेरी यो ढंगको Confuse Create हुन्छ जस्तो मलाइ लाग्दछ । त्यस कारण यसलाइ आफु मातहतका कार्यालयको सिफारिस अनुसार निर्देशनालयले निर्णय गर्ने अथवा मन्त्रालयले निर्णय गर्ने गर्दा उपयुक्त हुन्छ जस्तो मलाइ लाग्दछ । यसैगरिकन दफा १४ को उपदफा ३ मा लोकमार्गहरु बनाइदाखेरी जुन जिम्मा लिने मन्त्रालयले जिम्मा लिने ततअनुसारले निर्देशनालयले जिम्मा लिने वा कार्यालयले जिम्मा लिने भन्ने उल्लेख गरिएको छ । यो सम्बन्धित ठाउमा जहाँ हामी लोकमार्ग निर्माणको प्रक्रिया हुन्छ जुन भुगोलमा जुन स्तरमा त्यहाँ अवस्थित स्थानीय सरकारलाइ नै यो जिम्मा दिदाखेरी उपयुक्त हुन्छ जस्तो मलाइ लाग्दछ । धेरै कुराहरु यसमा आइराखेका छन् तर यो विधेयकले जुन २०७५ सुदूरपश्चिम प्रदेश अन्तरगतका लोकमार्ग बनाउने विधेयक आएको छ । यो विधेयकमा पहिले पनि कुरा आइसकेका छन् माननीयज्यूले कुरा उठाइसकेका छन् । यो विधेयकको आशय जस्तो चुरेको नोक्सान यहाँ हुनेछन् । पर्यावरणको नोक्सान वनको नोक्सान हुनेछैन र कमभन्दा कम वनको क्षति र कमभन्दा कम पर्यावरणमा पर्ने असर र हुनेछैन भन्ने ढंगको आशाय यो विधेयकले नदिएको जस्तो लाग्छ । यो आशय सहित यो विधेयकमा दावी गर्दा खेरी अझ उपयुक्त हुन्थ्यो जस्तो मलाइ लाग्दछ । त्यसैगरी कम यो अधिकार बाँझिने मैले पहिले पनि निवेदन गरैं अधिकार कार्यालय निर्देशनालय र मन्त्रालयको समान खालको अधिकार क्षेत्र देखिएको छ । यो बाँझिने ढंगबाट प्रश्ट भइदिएको भए राम्रो हुन्थ्यो । त्यसैगरी कन प्रदेश सरकारको चाहाना भन्दा पनि आवश्यकता र आवश्यक मापदण्डको आधारमा यो विधेयकमा यो कानूनमा हामीले उल्लेख गरिकन त्यै अनुसार कार्य अगाडी बढ्नेछ भन्ने आशय सहित विधेयकमा आइदिएको भए राम्रो हुन्थ्यो भन्ने मलाइ लाग्दछ । यो विधेयक ढिलै भए पनि आएको छ सम्बन्धित मन्त्रालय र यससँग सम्बन्धित समितिका सभापति माननीय सदस्यज्यूहरु विशेषज्ञ साथिहरु सबैलाइ धन्यवाद दिदै नयाँ वर्ष २०७५ सालको पूर्वसन्ध्यामा आजहाम्रो वैठक चलिरहदै गर्दा माननीय सभामुख मार्फत सबैलाइ यो प्रदेशबासी दाजुभाइ तथा दिदिबहिनीहरु सम्पूर्णलाइ हार्दिक शुभकामना दिदै विदाहुन्छु धन्यवाद ।

**(बोलि सकेपछि)**

**७. माननीय सदस्यहरू,**

अर्थ विकास तथा प्राकृतिक स्रोत समिति माथि दफावार छलफल समाप्त भई अर्थ विकास तथा प्राकृतिक स्रोत समितिबाट पेश हुन आएको प्रतिवेदन सहित विधेयक माथिको छलफलको निर्धारित समय यही समाप्त हुन्छ ।

**८. माननीय सदस्यहरू,**

अब विधेयक प्रस्तुतकर्ता भौतिक पूर्वाधार विकास मन्त्री माननीय पठान सिंह बोहराललाई **"सुदूरपश्चिम प्रदेश लोकमार्ग विधेयक, २०७५"** माथिको छलफलमा उठान भएका प्रश्नको जवाफ दिन अनुमती दिन्छु ।

**माननीय पठान सिंह बोहरा**

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश लोकमार्ग विधेयक, २०७५ माथि सम्मानित प्रदेश सभामा व्यापक छलफल भएको छ र यो छलफलका क्रममा निकै गम्भिर हिसाबले छलफल भएको छ र अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा पनि निकै छलफल भएर यो प्रस्तुत भएको छ र माननीय सदस्यज्यूहरुले अत्यन्तै महत्वपूर्ण सुझावहरु राख्नुभएको छ । कानून बन्दा त्यसमा कहीनकही छलफल जतिगर्दापनि कहिन कही त्यसतो खालको फेरी पनि परिमार्जन गर्नुपर्ने सुधार गर्नुपर्ने अथवा संशोधन गर्नुपर्ने कुराहरु रहन्छन् नै । त्यसैले अहिलेको सन्दर्भमा जे जसरी भएको छ माननीय सदस्यज्यूहरुको सुझावहरुलाइ आत्मसाथ गर्दै म सम्मान गर्दै यो विधेयकलाइ अझ आगामी दिनमा परिस्कृत गरिदै लगिने छ र यो अहिलेको सन्दर्भमा अत्यन्त सार्दर्भिक छ यो विधेयकलाइ प्रदेश सभाबाट पारित गरियोस भन्ने म अनुरोध गर्दै विदाहुन्छु धन्यवाद ।

*(जवाफ दिईसकेपछि)*

**९. माननीय सदस्यहरू,**

अब,म **"सुदूरपश्चिम प्रदेश लोकमार्ग विधेयक, २०७५"** माथि दफावार छलफलको कार्य समाप्त भई अर्थ विकास तथा प्राकृतिक स्रोत समितिबाट पेश हुन आएको प्रतिवेदनमा क्रमसंख्या १ (एक) देखि २८ (अठ्ठाइस) सम्मका उल्लेखित संशोधन वा थपहुनु पर्ने व्यवस्थालाई विधेयकको अङ्ग बनोस भनि सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०७४ को नियम ११६ बमोजिम समुहिकृत रुपमा सभा समक्ष निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**(हुन्छ भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**(हुन्न भनेपछि)**

१०. "हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रदेश लोकमार्ग विधेयक, २०७५"** माथि दफावार छलफलको कार्य समाप्त भई अर्थ विकास तथा प्राकृतिक स्रोत समितिबाट पेश हुन आएको प्रतिवेदनमा क्रमसंख्या १ (एक) देखि २८ (अठ्ठाइस) सम्मका उल्लेखित संशोधन वा थपहुनु पर्ने व्यवस्था सर्वसम्मतीले विधेयको अङ्ग बनेको घोषणा गर्दछु ।

***(घोषणा भएपछि)***

**११. माननीय सदस्यहरू,**

अब म, विधेयकका २ देखि २७ सम्मका दफाहरू आनुसाङ्गिक अन्य दफाहरू, सम्बन्धीत उपदफाहरू **"सुदूरपश्चिम प्रदेश लोकमार्ग विधेयक, २०७५"** को अंङ्ग बनोस भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**(हुन्छ भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**(हुन्न भनेपछि)**

१२. "हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको २ देखि २७ सम्मका दफाहरू तथा आनुसाङ्गिक अन्य दफाहरू र सम्बन्धीत उपदफाहरू तथा अनुसूची-१ सर्वसम्मतीले **"सुदूरपश्चिम प्रदेश लोकमार्ग विधेयक, २०७५"** को अंङ्ग बनेको घोषणा गर्दछु ।

***(घोषणा भएपछि)***

**१३. माननीय सदस्यहरू,**

अब, म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउछु ।

**प्रस्तावनाः**

जनतालाई सुरक्षित यातायातको सुविधा तथा आर्थिक हित कायम राख्नको लागि प्रदेशको अधिकार अन्तर्गत रहेका वा हस्तान्तरण भई आउने लोकमार्गहरूको वर्गीकरण गरी तिनीहरूको निर्माण, पुनर्निर्माण, संभार, विस्तार,संरक्षण, सम्वर्धन, स्तरोन्नति वा सुधार गर्न आवश्यक पर्ने जग्गा प्राप्त गर्न र सडकको उचित व्यवस्थापन एवं नियमन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा १९७ बमोजिम सुदूरपश्चिम प्रदेशको प्रदेश सभालेयो ऐन बनाएको छ ।

**संक्षिप्त नाम र प्रारम्भः** (१)यस ऐनको नाम **"प्रदेश लोकमार्ग ऐन, २०७५"** रहेको छ ।
(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

***(पढेर सुनाएपछि)***

**१४. माननीय सदस्यहरू,**

अब म, विधेयकको प्रस्तावना र नाम **"सुदूरपश्चिम प्रदेश लोकमार्ग विधेयक, २०७५"** को अङ्ग बनोस भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**(हुन्छ भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**(हुन्न भनेपछि)**

१५. "हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतीले **"सुदूरपश्चिम प्रदेश लोकमार्ग विधेयक, २०७५"** को अङ्ग बनेको घोषणा गर्दछु ।

***(घोषणा भएपछि)***

**१६. माननीय सदस्यहरू,**

अव म, विधेयक प्रस्तुतकर्ता भौतिक पूर्वाधार विकास मन्त्रि माननीय पठान सिंह बोहरा लाई **“सुदूरपश्चिम प्रदेश लोकमार्ग विधेयक, २०७५”** लाई प्रदेश सभा नियमावली, २०७४ को नियम १२२ बमोजिम सभाबाट पारित गरियोस भनी प्रस्ताव प्रस्तुत गर्न अनुमती दिन्छु ।

**माननीय पठान सिंह बोहरा**

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश लोकमार्ग विधेयक, २०७५ यस सम्मानित प्रदेश सभाबाट प्रदेश सभा नियमावली २०७४ को नियम १२२ बमोजिम पारित गरियोस भनि प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद ।

*(प्रस्ताव प्रस्तुत भएपछि)*

**१७. माननीय सदस्यहरू,**

अब, म भौतिक पूर्वाधार विकास मन्त्रि माननीय पठान सिंह बोहराले पेश गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस ।

**(हुन्छ भनेपछि)**

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस ।

**(हुन्न भनेपछि)**

१८. “हुन्न” भन्ने आवाज सुनिएन तसर्थ **“सुदूरपश्चिम प्रदेश लोकमार्ग विधेयक, २०७५”** सर्वसम्मतीले पारित भएको घोषणा गर्दछु ।

*(घोषणा भएपछि)*

**१९. माननीय सदस्यहरू,**

**“सुदूरपश्चिम प्रदेश लोकमार्ग विधेयक, २०७५”** माथिको कार्बाही यँही समाप्त हुन्छ ।

२०. **माननीय सदस्यहरु,**

आजको बैठकको कार्वाही यही समाप्त हुन्छ । अर्को बैठक यहि मिति **२०७६** साल वैशाख ३ गते मंगलवार बार दिनको २.०० बजे बस्ने भएकाले उक्त समय सम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।